# सरावल गाउपालिकाको आर्थिक वर्ष२०७४।७५को नीति तथा कार्यक्रम

उपस्थित अतिथि गण गाउपालिका उपाध्यक्ष तथा सम्पुण व्यवस्थापिकाका सदस्य सभासद मित्रहरु, कार्यकारी अधिकृत लगायत राष्टसेवक कर्मचारी पत्रकार लगायतसम्पुर्ण उपस्थित महानुभाव महिला तथा सज्जन वृन्द ।

नेपालको संविधान जारीभए पछि पहिलोपटक भएको स्थानिय तह निर्वाचनमा सरावलवासी जनताले हामीलाइ विश्वास गरी भारी मतले विजयी गराउनु भएकोमा हार्दिक धन्यवाद व्यत्त गर्दै सवैलाइ वधाइ ज्ञापन गर्न चहान्छु ।संविधान कार्यान्वयनका कममा भएको निर्वाचन प्रकृया द्वारा निर्वाचित भइ राष्टिय स्वाधिनता स्वाभिमान लोकतन्त्र,दिगो शान्ति सुशासन साथै यस क्षेत्रको विकास र समृद्दिको लागि पहिलो पटक सरावल गाउपालिकको निति तथा कार्यकम प्रस्तुत गर्ने यस अवसरमा सरावल गाउ व्यवस्थापिकामा अध्यक्षको हैसियतले उपस्थित हुन पाउदा स गौरव महशुस गरको छु ।

राष्टियता लोकतन्त्र,गणतन्त्र ,संघियता र जनजिविकाका सवालमा भएका विभिन्न आन्दोलनका विभिन्न कालखन्णमा जीवनउत्सर्ग गर्नु हुने सम्पुण ज्ञात आज्ञात शहिदहरु प्रति भावपुण श्रदान्जली अर्पण गर्न चहान्छु ।राष्टियता,स्वाधिनता र स्वाभिमान,लोकतन्त्र संघियता जनजिविका सुशासन र समृद्दि प्राप्तिका लागि विभिन्न आन्दोलन र कान्तिको नेतृत्व गर्ने नेता गणहरु र सहभागी सम्पुर्ण तहतप्काका आम जनसमुदाय नागरिक प्रतिउच्च सम्मान र प्रशंसा गर्दै हार्दिक वधाइ ज्ञापन गर्न चहान्छु ।

सभासद मित्रहरु

## सरावल गाउपालिकाको संक्षिप्त परिचय

नेपलमा पहिलोपटक भएकोसंविधान सभा द्वारा संविधान निर्माण भइ सदियौ देखि रहेको एकात्मक तथा केन्द्रिकृत शासन व्यवस्था वाट संघिय लोकतान्त्रिक गणतन्त्र मुलुकको रुपमा रुपान्त्रण गर्ने कममा नया व्यवस्था गरिएका ७५३ स्थानिय तह मध्ये नवलपरासी जिल्लामा ८ गाउपालिका र ७ नगरपालिका गरी १५ स्थानिय तहको व्यवस्था भएको छ । जस मध्ये सरावल गाउपालिका चुरे पहाड देखि भारतको वोडर सम्मको भुभाग ओगटको अत्यन्तै सम्भावन वोकेको सुन्दर ,उर्वर भुमि ,औधोगिक,कृषि ,पर्यटन र व्यापारको प्रचुर सम्भावना रहेको क्षेत्र हो ।साविकका तिलकपुर,मनरी,सरावल,वडहरादुवौलिया,रामपुरखडौना र भुजहवा गा.वि.स मिलाएर सरावल गाउपालिका गठन भएको हो यसको केन्द्र साविक सरावल गाविसको कार्यालयमा रहेको छ ।२०६८ को जनगणना अनुसार ३७४१८ जनसंख्या रहेकोयस गाउपालिकाको क्षेत्रफल ७३.१९ वर्गकिमि र २०७४ को निर्वाचनको तथ्यांक अनुसार कुल २०८१९

मतदाता रहेका छन् । यस गाउपालिकाको पुर्वमा प्रतापपुर गाउपालिका र वर्दघाट नगरपालिका,पश्चिममा पाल्हिनन्दन गाउपालिका र रामग्राम नगरपालिका उत्तरमा वर्दघाट र सुनवल नगरपालिका ,दक्षिणमा भारत पर्दछन । जातीय , भाषिक र सांस्कृतिक विविधता भित्रको एकता विशेषताको रुपमा रहेको यस गाउपालिकाको मुख्य पेशा कृषि भएपनि उद्दोग व्यापार सरकारी अर्धसरकारी र वैदेशिक रोजगारी आर्थिक श्रोतको रुपमा रहको छ ।

सभासद मित्रहरु

अव म गाउपालिकको लक्ष्य नीति तथा कार्यक्रम तर्फ यहाहरुको ध्यानआकर्षण गर्न चहान्छु ।

- केन्द्रको अधिकार गाउका वडा वडा र वस्ती वस्ती सम्म पूरयाउन नागरिकलाइ सरल र सहज ,सुविधाजनक र पारदर्शी ढंग वाट सेवा प्रवाहको व्यवस्था मिलाइ जनमुखि लोक तन्त्रलाइ सुदृढ गर्दे सुशान युत्त प्रशासन सन्चालन गरिनेछ ।
- समावेशी लोकतन्त्र र द्दारा स्थानीय सरकारमा विभिन्न जातजाती भाषा लिङ्ग धमृ षेत्र वर्ग र समुदायको प्रतिनिधित्वल गर्दै राष्टियतामजवुत गराउने कार्यमा सघाउ पुरयाइने छ ।
- आर्थिक समृद्दि रविकासका लागि आफनो गाउ टोल आफै वनाउनस्थानीयश्रोत साधनको प्रयोग दक्ष जनशत्ति उत्पादनरोजगारी र उद्दमशिलताको विकास गरीआफनो विकास आफै गर्न प्ररित गरिने छ ।

## गाउ समृद्दिका लक्ष्य

- ५ वर्ष भित्र गाउलाइ नगरमा रुपान्त्रण गर्न आवश्यक पुर्वाधार लगायतका कार्य सम्पन्न गरी गाउलाइ सुन्दर समृद्दियुत्त नमुना नगरको रुपमा विकसित गर्न पहल गरिने छ ।
- साक्षरता औषत आय ,प्रतिव्यत्तिवार्षिक आयमा वृद्दि र स्वास्थ्मा सुधार गरी मातृ,शिसु र वाल मृत्युदर घटाइ नागरिकको जीवनस्तरमा सुधार ल्याइने छ ।

## गाउका विकास नितिहरु

- गाउलाइ जिल्ला सदरमुकाम वाटसहज पहुच पुरयाउनसडक मागृ द्रुत रुपमा अघि वढाउनविशेष पहल गरिने छ ।
- गाउलाइ नगरमा रुपान्त्रण गर्ने गरी पुर्वाधार निर्माणमा जोड दिइने छ ।
- नदी, खोला ,पोखरी, वनजंगल जलाधार संरक्षण गरी प्रदुषण नियन्त्रण मार्फत सफा र सुन्दर गाउको रुपमा विकास गरिने छ ।
- गाउको समृद्दिका लागि सहकारी एवं. निजि क्षेत्रको सहभागिता गराइ लगानीलाइ आकर्षित गर्न निकट गाउ र नगर सग समन्वय र सहकार्य गरिने छ ।

- गाउका प्रति र सार्वजनिक जग्गाहरुको संरक्षण गरीपार्क र उद्दान निर्माण कार्य अघि वढाइने छ।
- गाउको स्थानीय भाषा,संस्कृति ,कला साहित्य,मनोरन्जन खेलकुदको संरक्षण र विकास गर्न विशेष कायृक्रम सन्चालन गरिने छ ।
- गाउको शिक्षा स्वास्थ्य र पोषणमा सुधार ल्याउन विशेष कार्यक्रम सन्चालन गरिने छ ।
- शैक्षिक, राजनितिक,प्राज्ञिक ,प्रशासनिक,प्राविधिकअनुभव प्राप्त व्यत्तित्वहरुको सहभागिता हुने गरी अन्तरकृया कार्यक्मको आयोजना मार्फत सवैको सुझाव संकलन गरी सवैको भावना समेटी गाउको विकासको लागि अल्पकाालिन र दर्घिकालिनविकास सम्वन्धी विस्तृत गुरुयोजना निर्माण गरी कार्यान्वियनमा ल्याइने छ ।
- जेष्ठ ,नागरिक,महिला,दलित ,अल्पसंख्यक,फरक क्षमता भएका व्यत्ति पिछडा वर्गकोहितको लागि पेशा र सीपको संरक्षण गर्न विशेष कार्यक्रम सन्चालन गरिने छ ।
- गाउपालिकका सवै वडामा स्थानीय आवश्यकता र सम्भाव्यता अनुसार एक वडा एक उत्पादन कार्यक्रम सन्चालन गरिने छ ।
- गाउपालिकका लागि स्तरिय र सुविधायुत्त आधुनिक भवन निर्माण कार्यको लागि निशुल्क जग्गा प्राप्ति गर्न विशेष पहल गरिने छ ।

सभासद मित्रहरु

चालु आर्थिक वर्षका कार्यक्रमहरु देहाय वमोजिम रहेका  छन् ।

## ▪ पुर्वाधार तथा यातायात

- ➢ गाउपालिका भित्रका सडकहरुको मर्मत सम्भार गरी आवागमनलाइ सहज वनाइने छ
- ➢ यसै वर्ष देखिवस्ती विकास तथा भवन निर्माण मापदन्ड निर्देशिका तयार गरी लागु गरिने छ ।
- ➢ डुवान तथा ढलनिकास समस्यालाइ समाधान गर्न सम्भावयता अध्धयन कार्य अघि वढाइने छ।
- ➢ यसै वर्ष ८मीटर चौडा सहितको ५ किमि सडक कालोपत्रे गर्ने कार्य अघि वढाइने छ
- ➢ जिल्ला सदरमुकाम वाट गाउ पालिका सम्म नियमित यातयात सन्चालनको लागि पहल गरिने छ ।

## नीजि सहकारी एवं वित्तिय संस्थाहरुको व्यवस्थापन

- ➢ सहकारीको दर्ता नियमन व्यवस्थापन गरिने छ ।
- ➢ दैनिक उपभोग्य वस्तु,कृषि वन,मतस्य पशजन्य पदार्थ उत्पादन र विकि वितरण गर्ने सहकारीलाइ विशेष छुट तथा अनुदान उपलव्ध गराइने छ ।
- ➢ सहकारी खेतीलाइ प्रोत्साहन गरिनेछ ।

- गाउपालिकामा वैकको शाखा कर्यालय ल्याउन पहल गरिने छ ।

## स्थानीय कर

- गाउपालिका वाट लिइने कर ,राजस्व शुल्कआदिलाइ वैज्ञानिक र व्यवस्थित वनाइनगरिक हित सग जाडिने छ ।
- करको दायरालाइ फराकिलो वनाइने छ
- एकिकृत सम्पत्ति करको अध्ययनकार्य यसै वर्ष अघि वढाइने छ ।
  असल करदाता र वढी कर तिर्ने करदाता छनौट गरी सम्मान गरिने छ।
  भुमिको वर्गिकरण अनुसार करको दर निर्धारण गरिने छ ।

## आधारभुत माध्यामिक र उच्च शिक्षा

- गाउ पालिका स्तरिय छात्रवृति कोषको स्थापना गरिने छ
- सामुदायिक विद्यालयको शैक्षिक स्तर सुधारका कार्यक्रम सन्चालन गरिने छ ।
- संस्थागत निजी  विद्यालयको नियमन गरिने छ ।
- आवश्यकता अनुसार विद्यालयको मर्ज,खारेजी अनुमतिस्वीकृति र समायोजन गरिने छ
- अति विपन्न जेहेन्दार छात्र छात्रालाइ उच्च शिक्षा अध्ययनका  लागि छात्रवृति प्रदान गरिने छ ।

## आधारभुत स्वास्थ्य र सरसफाइ

- स्थानीय स्तरमा आवश्यक औषधीहरुको अभाव हुन नदिन औषधी खरिद र भन्डारण गरिने छ ।
- औषधी पसलहरुको नियमन अनुगमन गरिने छ ।
- स्थानीय स्तरमा सरुवा रोग फैलन नदिन नियन्त्रण र रोकथामकाकार्यक्रमहरु सनचालन गरिने छ ।
- आमा सुरक्षा र पोषण स्थितिमा सुधार ल्याउने खालका  कार्यक्रम सन्चालन गरिने छ ।
- सरसफाइको लागि जनचेतनामुलक कार्यक्रम सन्चालन गरिने ।

## स्थानीय वजार व्यवस्थापन,वातावरण संरक्षण

- व्यवशायिक फर्महरुको दर्ता प्रकृया अघि वढाइ सोको नियमन गरिने छ ।
- हाट वजारलाइ व्यवस्थित तरिकाले सन्चालन र व्यवस्थापन गरिने छ ।
- वातावरण संरक्षणमा  सचेतना कार्यक्रम सन्चालन गरिने छ ।निजि क्षेत्र सग समन्वय र सहकार्य गरिने छ ।

## स्थानीय न्याय तथा मेलमिलाप

- न्यायिक तथा मेलमिलाप समित गठन गरी सो समिति मार्फत स्थानीय स्तरका झगडा मिलाइने छ ।
- न्यायमा पिडतको पहुच स्थापित गरिने छ ।

## विपद व्यवस्थापन

- स्थानीय स्तरको विपद व्यवस्थापन समिति गठन गरिने छ।
- विपद पुर्व तयारी तथा प्रतिकार्य योजना तयार गरिने छ ।
- विपदमा परेका नागरिकरुलाइ तत्कालिन रहात खोज र उद्दारको कार्य क्रम सन्चालन गरिनेछ ।
- विपदको उचित व्यवस्थापनको लागि quick response teaक्ष  तयार गरिने छ ।
- विपद जोखिम कम गर्न विभिन्न कार्यक्रम सन्चालन गरिने छ ।